# गोरखा जिल्ला अदालत
## (प्रशासन शाखा)
गोरखा

फोनं.: ०६४-४२०२३४
इमेल : admin.dcgorkha@supremecourt.gov
info.dcgorkha@supremecourt.gov.np


पत्रसंख्या : ०८१।०८२
च.नं.: १६८९

मितिः २०८१।१०।२३

## सूचना।। सूचना।। सूचना।।

बिषयः लेखापढी प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धमा।

कानून व्यवसायी परिषद ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ बमोजिम अड्डा अदालतमा लेखापढी गर्न उक्त नियमावलीको नियम ३ बमोजिम योग्यता पुगी १८ बर्ष नाघेका ईच्छुक नेपाली नागरिकहरुले मिति २०८१।१०।२३ देखी ३०(तीस) दिन भित्र देहायको शर्त अधिनमा रही दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

प्राप्त दरखास्त मध्ये उपयुक्त उम्मेदवार छनौट गर्न समावेश भएको लिखित परीक्षा तथा अन्तर्वार्ता उत्तीर्ण भएका उम्मेदवारहरुलाई अदालतबाट निर्धारित प्रमाणपत्र प्रदान गरिने छ।

१. आवश्यक न्युनतम योग्यता
   (क) शैक्षिक योग्यताः SEE/SLC वा सो सरह।
   (ख) उमेरः १८ बर्ष उमेर पुगेको नेपाली नागरिक।

२. **दरखास्त बुझाउनु पर्ने मितिः** २०८१।१०।२३ देखि २०८१।११।२३ गते सम्म र सोको भोलिपल्ट देखि ७ (सात) दिन सम्म दोब्बर दस्तुर तिरी दरखास्त बुझाउन सकिने छ। (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समयभित्र दरखास्त बुझाउन सकिने छ।)

३. **दरखास्त शुल्कः**-१००।– (एक सय रुपैया मात्र)

४. **परिक्षाको किसिमः** लिखित तथा अन्तर्वार्ता।

५. **परिक्षा हुने मितिः** दरखास्त दिने अन्तिम मितिका दिन तोकिने छ।

६. **सम्पर्क स्थानः** गोरखा जिल्ला अदालत, प्रशासन शाखा।

७. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः-**
   (क) शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
   (ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।
   (ग) पासपोर्ट साईजको फोटो ३ प्रति।
   (घ) दरखास्तको ढाँचा लेखापढी व्यवसायी नियमावलीको अनुसूची १ बमोजिम हुने छ। सो दरखास्त अदालतको प्रशासन शाखामा निःशुल्क पाईनेछ।

८. पाठ्यक्रम तथा अन्य जानकारीको लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्नुहोला।

२०८१।१०।२३

.....................
कृष्ण मुरारी सिग्देल
स्रेस्तेदार